नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(कर्मचारी प्रशासन ............................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :- २०७६/०७७
चलानी नं. :- ४२९२

मिति : २०७७।०२।२१

**विषय :- निर्णय कार्यान्वयन सम्बन्धमा ।**

श्री चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल, काठमाडौं ।
श्री त्रि.वि.चिकित्सा शास्त्र अध्ययन संस्थान, महाराजगंज ।
श्री वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान ।
श्री स्वास्थ्य सेवा विभाग, टेकु ।

प्रस्तुत विषयमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ रोगको कारण MD/MS मा अध्ययनरत चिकित्सकहरुको सम्बन्धमा देहाय बमोजिम गर्ने गरी यस मन्त्रालय (सचिवस्तर) बाट मिति २०७७।०२।२० मा निर्णय भएकोले सोही अनुसार निर्णय कार्यान्वयनका लागि अनुरोध छ ।

तपसिल:

१. हाल MD/MS मा अध्ययनरत अन्तिम बर्षका चिकित्सकहरुलाई कोभिड-१९ को कारण अध्ययन समाप्त भएको तर परीक्षा बाँकी हुँदा २०७७ साल आषाढ मसान्तसम्म जुन जुन निकायमा अध्ययनरत हुन तत् तत् निकायमा कामकाज गराई नियमानुसार प्राप्त गर्ने आर्थिक सुविधा दिने र परीक्षा आषाढ मसान्तसम्म सम्पन्न गर्न सम्बन्धित अध्ययन संस्थानलाई निर्देशन दिने ।

२. नेपाल स्वास्थ्य सेवाका विभिन्न समूहका कर्मचारीहरु मनोनयन भई विभिन्न निकायमा अध्ययनरत रहिरहेकोमा हाल अध्ययन समाप्त नजिक रहेको तर कोभिड-१९ रोगको कारण छोटो अवधिको अध्ययन तथा परीक्षा हुन नसकि विदा समाप्त भएका कर्मचारीहरुलाई सम्भव भएसम्म आफु पदाधिकार रहेको कार्यालयमा हाजिर हुन पठाउने, बाँकी कर्मचारीलाई मन्त्रालयले हाजिर गराई आवश्यक स्थानमा कामकाज लगाउने र बाँकी अध्ययन तथा परीक्षाको लागि पछि नियमानुसारको विदा स्वीकृत गर्ने ।

(दीपक रिजाल)
शाखा अधिकृत